प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
# कृषि विकास निर्देशनालय
कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत

प.स. : २०७६।०७७
च.नं. ५४९

मिति : २०७७।०२।०५

बिषय:- व्यावसायिक कृषक प्रोत्साहन कार्यक्रम संचालन कार्यविधि, २०७५ अनुसारको उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रममा सहभागी हुन आवेदन आव्हानको सूचना।

## सूचना ! सूचना !! सूचना !!!

कर्णाली प्रदेश भूमि व्यवस्था, कृषि तथा सरकारी मन्त्रालयको आ.व. २०७६/७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषक, कृषक समुह, कृषि सहकारी, निजि फर्मसँग आवद्व व्यावसायीक कृषक लाई उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम रहेको हुँदा सुर्खेत जिल्लाका इच्छुक कृषक, कृषक समुह, कृषि सहकारी, कृषि फर्म उद्यमी कृषकबाट दरखास्त आव्हानको लागि यो सुचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र मिति २०७७/२/२० गते सम्ममा तपशिल अनुसारका कागजात संलग्न गरि आवेदन पेश गर्न हुन अनुरोध छ। थप जानकारीका लागि कृषि विकास निर्देशनालयको सम्पर्क नं. ०८३५२०३०५ मा सम्पर्क गर्न सकिनेछ।

..........................
निमित्त निर्देशक

तपसिल

१. समुह /सहकारी /निजि फर्मको हकमा संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि
२. सम्वन्धित स्थानिय तहको सिफारिस पत्र
३. सहकारी र निजि फर्मको हकमा गत आ.व.को संस्थाको लेखा परीक्षण भएको प्रतिवेदन फोटोकपी
४. सहकारी र निजि फर्मको हकमा गत आ.व. सम्म कर बुझाएको वा कर छुट भएको भए सम्बन्धित कार्यालयको प्रमाण पत्रको प्रतिलिपि
५. सहकारी संस्थाको तर्फबाट कारोबारमा सहभागिताका लागि आधिकारीक प्रतिनिधि तोकेको निर्णय प्रतिलिपि
६. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपि
७. व्यवसाय सञ्चालन गर्न जग्गा लिजमा लिएको भए सम्झौता पत्रको प्रतिलिपि
८. व्यवसायिक कृषक प्रोत्साहन कार्यक्रम संचालन कार्यविधि, २०७५ को अनुसुचि २ वमोजिमको निवेदन
९. व्यवसायिक कृषक प्रोत्साहन कार्यक्रम संचालन कार्यविधि, २०७५ को अनुसुचि ३ वमोजिमको कृषक प्रोत्साहन कार्यक्रमको लागि व्यवसायिले पेश गर्नुपर्ने प्रस्तावना फारम भरी पेश गर्नु पर्ने।
१०. व्यवसायिक कृषक प्रोत्साहन कार्यक्रम संचालन कार्यविधि, २०७५ बमोजिमको उत्पादनमा आधारीत अनुदान प्राप्त गर्न पेश गर्ने माग फारम भरी पेश गर्ने।
११. अन्य आवश्यक कागजातहरु

फारम बुझाउने स्थान:- सुर्खेत जिल्ला भित्रका सम्वन्धित स्थानिय तह वा कृषि विकास निर्देशनालय, कर्णालि प्रदेश, सुर्खेतमा

फोन नं. ०८३५२०३०५ इमेल doadsurkhet@gmaii.com